# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

## शाखा कार्यालय

## भक्तपुर औद्योगिक क्षेत्र

**<u>संक्षिप्त विवरण</u>**

नेपाल सरकार तथा मित्र राष्ट्र संघीय गणतन्त्र जर्मनी सरकारको सहयोगमा सन १९७४ मा भक्तपूरको विकासको लागि भक्तपूर विकास परियोजना (Bhaktapur Development project) को रुपमा स्थापना भई काठमाडौको तीन जिल्ला मध्ये भक्तपूर जिल्लालाई परिचित गराउन र देशको साथै भक्तपुरको आर्थिक विकास र यस क्षेत्रको वरिपरि बस्ने नेपालको जनताको रोजी रोटीको लागि र हाम्रो देशमा उत्पादित परम्परागत सिप घरेलु तथा शिल्प कलालाई व्यवसायिक रुपमा उत्पादन गरी स्वदेश तथा विदेशमा चिनाउने उद्देश्यले जर्मनी सरकारबाट भक्तपूर जिल्लामा औद्योगिक क्षेत्रको स्थापना भएको हो ।

सोही परियोजनाको दोस्रो चरणको कार्यक्रम अन्तर्गत साना उद्योग क्षेत्र नाम (Small industrial Area – SIA) मिति २०३६ वैशाख १ गते (ई. वि सन १९७९ अप्रिल) मा शूभारम्भ भयो ।

ऐतिहासीक नगरी भक्तपुरमा स्थापित यस औद्योगिक क्षेत्रको उद्देश्य यहाँको परम्परागत सीपलाई खेर जाननदिई व्यवसायिक रुप दिनुका साथै तथा सेवाहरु आन्तरिक एवम विदेशीबजारहरुमा ल्याई स्थानीय स्तरमा रोजगारीको अतिरिक्त अवसरहरु प्रद्रान गर्दै स्थानीय ब्यक्तिहरुको जीवनस्तर उठाउने उद्धेश्य रहेको हो ।भक्तपूर दरवार क्षेत्र उत्तर पश्चिमतर्फ करिब ५०० मि. दूरीमा अर्थात काठमाडौ शहरबाट पूर्व उत्तर १५ कि.मि. टाढा नगरकोट र चाँगुनारायण जाने मुल सडकसम्म जोडिएको भक्तपुर औद्योगिक क्षेत्र जम्मा ७१.२८ रोपनीमा फैलिएको छ यस क्षेत्र ऐतिहासीक नगरी मनोरम भक्तपुर नगरपालिकाको वडा न.२ व्यासीमा अवस्थित छ ।

नेपाल सरकारले औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय संचालन तथा प्रवर्द्धनकार्यको लागि २०४५श्रावण १गते देखि कम्पनी ऐन अन्तर्गत औद्योगिक क्षेत्र व्यबस्थापन लिमिटेड गठन भयो । जस अनुसार वि.स.२०४७ सालमा यस साना उद्योग क्षेत्रलाई भक्तपूर औद्योगिक क्षेत्र नामाकरण गरिएको हो ।

यस औद्योगिक क्षेत्र २०८२ बैशाख १ गते देखि आफ्नो कालको ४५वर्ष पार गरी ४६औ वर्षमा प्रवेश गरेको छ । स्थानीय जीवन तथा संस्कृति झल्कने डिजाईनका लागि हाते कागजबाट निर्मित सामान काष्ठकलाका सामानहरु, धातुका सामानहरु, नेपाली पस्मिनाका सलहरु, सेरामिक्सका सामानहरु यस क्षेत्रको मूख्य पहिचान हुन ।२०३६ साल देखि हाल सम्म यस क्षेत्रमा संचालित उद्योगहरुमा ६३२ जना कामदारहरुले रोजगारी पाएका छनभने देशको उत्पादनमा सहयोग पुर्‍याएको छ र राजस्वमा वृद्धीमा मदत पुर्‍याएको छ स्थानीय बासिन्दाहरुलाई रोजगारी दिएको छ तसर्थ यस औद्योगिक क्षेत्रले भक्तपुरको पहिचान बोकेको छ ।